# ★राष्ट्रिय स्वास्थ्य बीमा शुल्क भुक्तानी गरौं।

[राष्ट्रिय स्वास्थ्य बीमा (कोकुहो) भनेको के हो?]

जापानमा ढुक्क भएर चिकित्सा सेवा प्राप्त गर्न सक्ने गरी सम्पूर्ण व्यक्तिहरू चिकित्सा बीमामा सहभागी हुन अनिवार्य गरिएको छ। राष्ट्रिय स्वास्थ्य बीमा (कोकुहो) मा कार्यस्थलको स्वास्थ्य बीमा (स्वास्थ्य बीमा संघ, पारस्परिक सहायता संघ आदि) र पछिल्लो चरण वृद्धवृद्धा चिकित्सा प्रणालीमा सहभागी भएका व्यक्तिहरू तथा जीवनयापनको लागि सरकारी सहायता प्राप्त गरिरहेका व्यक्तिहरू बाहेक सबै सहभागी हुनुपर्छ।

राष्ट्रिय स्वास्थ्य बीमा (कोकुहो) हामी बसोबास गर्ने जिल्ला र सहर, वडा वा गाउँपालिकाद्वारा सञ्चालन गरिन्छ। यो रोग वा चोटपटक लागेको बेलाको लागि सहभागीहरू सबैले रकम जम्मा गरेर, चिकित्सकलाई देखाउन जाने बेलाको चिकित्सा खर्च सहायता आदिमा प्रयोग गर्ने पारस्परिक सहायता प्रणाली हो। सबैको स्वस्थ जीवन जोगाउनको लागि सबै मिलेर राष्ट्रिय स्वास्थ्य बीमा (कोकुहो) को समर्थन गरौं।

[राष्ट्रिय स्वास्थ्य बीमा शुल्क (बीमा शुल्क) भुक्तानी गर्न ढिलाइ गऱ्यो भने के हुन्छ?]

तोकिएको म्याद भित्र राष्ट्रिय स्वास्थ्य बीमा शुल्क (बीमा शुल्क) भुक्तानी नगर्ने कुरालाई "भुक्तानी गर्न ढिलाइ" भनेर भनिन्छ। भुक्तानी गर्न ढिलाइ गऱ्यो भने ताकेता पत्र आउने र ढिलाइ शुल्क भुक्तानी गर्नुपर्ने हुन्छ। त्यसपछि पनि भुक्तानी नगरेमा विशेष चिकित्सा खर्च फिर्ता र सम्पत्ति जफतको दायरामा पर्छ।

बीमा शुल्क भनेको सबैको चिकित्सा खर्चमा प्रयोग गर्ने राष्ट्रिय स्वास्थ्य बीमा (कोकुहो) को महत्वपूर्ण आर्थिक स्रोत हो। कदम कदाचित् रोग वा चोटपटक लागिहालेको बेलाको लागि अनिवार्य रूपमा म्याद भित्र भुक्तानी गर्नुहोस्।

●ताकेता

बीमा शुल्कको भुक्तानी म्याद बितेमा ताकेता पत्र पठाइन्छ। ताकेता शुल्क र ढिलाइ शुल्क सङ्कलन गरिने अवस्थाहरू हुन सक्छन्।

●विशेष चिकित्सा खर्च फिर्ता

ताकेता गर्दा पनि भुक्तानी नगरीकन बस्यो भने चिकित्सकलाई देखाउन जाने बेला अस्थायी रूपमा आफैले पूर्ण चिकित्सा खर्च भुक्तानी गर्नुपर्ने "विशेष चिकित्सा खर्च फिर्ता" को दायरामा पर्ने अवस्थाहरू हुन सक्छन्।

●सुविधा रोक

राष्ट्रिय स्वास्थ्य बीमा (कोकुहो) को सम्पूर्ण अथवा आंशिक सुविधा रोक्का गरिनेछ।

*यस बाहेक कार्यस्थल, बैंकको खाता आदिको सम्पत्ति अनुसन्धान गरी, सम्पत्ति जफत जस्ता कारबाहीहरूमा पर्ने अवस्थाहरू हुन सक्छन्। साथै बसोबास अवधि (भिसा) नवीकरण आदिमा असर पर्ने अवस्थाहरू हुन सक्छन्।

[भुक्तानी गर्न नसक्ने विशेष परिस्थिति भएको बेला के गर्ने?]

काम गुमाएको, विपद्, रोग, चोरी जस्ता विशेष परिस्थितिको कारण बीमा शुल्क भुक्तानी कठिन अवस्था र अस्पतालमा जान तथा अस्पतालमा भर्ना हुनुपर्ने बेला आदिमा कटौती वा छुट, किस्तामा भुक्तानी, विशेष चिकित्सा खर्च फिर्ता कारबाही हटाउने आदि स्वीकार गरिने अवस्थाहरू हुने हुनाले चाँडो परामर्श गर्नुहोस्।

सिमोनोसेकी सहर कार्यालय बीमा तथा पेन्सन शाखा
सङ्कलन फाँट
फोन (083) 231-1689